# “आर्थिक विकासको आधार: स्थानीय सरकार”

## आ.ब. २०८१/८२ को नीति तथा कार्यक्रम

(आठौं नगर सभा)

मिति: २०८१/०३/१० गते सोमबार

## परोहा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

लौकाहा, रौतहट

मधेश प्रदेश, नेपाल

उपप्रमुख ज्यू,
नगरसभा सदस्य ज्यूहरु,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
आदरणीय नगरबासी ज्यूहरु,
कर्मचारीहरु, सञ्चारकर्मीहरु, सुरक्षाकर्मीहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरु,

आगामी आ.व. २०८१/८२ का लागि यस परोहा नगरपालिकाको आठौं नगर अधिवेशनमा नगर प्रमुखको हैसियतले यहाँहरू समक्ष नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई गौरान्वित महशुस गर्दै यहाँ उपस्थित परोहा नगरपालिकाको ऐतिहासिक आठौं नगर सभामा सहभागी उप प्रमुख ज्यू, नगर सभाका सम्पूर्ण सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, सम्पूर्ण कर्मचारीहरु, पत्रकारहरु, सुरक्षाकर्मीहरु तथा सहभागी सबै महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु ।

राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनको लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, मधेस आन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै नेपालको लोकतान्त्रिक आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात सम्पूर्ण शहिदहरु प्रति स-सम्मान भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु । साथै यस नगरपालिकाको गठन हुनु पूर्व र पश्चात जनप्रतिनिधिको रुपमा निर्वाचित भई दिवंगत हुनु भएका सम्पूर्ण व्यक्तित्वहरुलाई यस महत्वपूर्ण घडीमा वहाँहरुले गर्नु भएको योगदानको स्मरण र सम्मान गर्दै उहाँहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

परोहा नगरपालिकाको विकास र समृद्धिको कार्यदिशामा अघि बढाउन तथा परोहा नगरपालिकालाई समृद्ध, समुनन्त, सम्पन्न र आदरणीय नगरबासीहरुको सुखी जीवनयापनको लागी हामीलाई यो महत्वपूर्ण जिम्मेवारी र कार्यभार सुम्पिने सम्पूर्ण नगरबासी दाजुभाई, दिदीबहिनीहरु, समस्त शुभेच्छुक एवं सरोकार राख्ने महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

आन्तरिक आयको चुनौतीलाई गतिशील बनाउन आवश्यक रणनीति अबलम्बन गरी आम जनताको विकास र समृद्धिको चाहनालाई सम्बोधन गर्ने, सिमान्तकृत तथा पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई आर्थिक लाभको पहुँच पुर्याउने तर्फ विशेष प्राथमिकता दिदै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकाश र समृद्धिको अकांक्षा पुरा गर्न दोस्रो पटक स्थानीय तहको निर्वाचन पश्चात संविधान तथा प्रचलित कानून बमोजिम अधिकार सम्पन्न स्थानीय सरकारको तर्फबाट आठौं पटक यस सार्वभौम नगर सभामा सबै वडाहरु र विभिन्न क्षेत्रबाट प्राप्त सल्लाह सुझाव र मेरो आफ्नो व्यक्तिगत सोचका आधारमा नेपालको संविधानको धारा ५९ र धारा ६० बमोजिम प्राप्त अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन,

२०७४ को परिच्छेद ४ को दफा १९ अनुसार यस सम्मानित नगरसभामा प्रस्तुत गर्नका लागि अगामी आ. व. २०८१/८२ को नीति तथा कार्यक्रम तयार गरिएको सबैमा जानकारी गराउन चाहन्छु ।

उप प्रमुख ज्यु,

नगरसभा सदस्यज्यूहरु,

अगामी आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम तयार गर्ने र स्रोतको वितरण गर्ने क्रममा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, नेपाल सरकारको सोह्रौ आवधिक योजना, दिगो विकास लक्ष्यका साथै विभिन्न क्षेत्रगत नीति तथा रणनीतिहरुलाई प्रमुख मार्गदर्शनको रुपमा लिईएको व्यहोरा अवगत गराउन चाहन्छु । **हाम्रो परोहा, हामी बनाउँछौं** भन्ने नारालाई निरन्तरता दिदै अगामी आर्थिक वर्ष २०८१/८२ मा परोहा नगरपालिकाले अवलम्बन गर्ने विषयगत क्षेत्रका नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

## (क) सामाजिक विकास तर्फ

### शिक्षा सम्बन्धी नीति

१. विधालयलाई प्रविधियुक्त बनाउँदै आधुनिक प्रविधि र नवप्रवर्तनात्मक विधि/प्रविधिसँग विधालय शिक्षालाई जोडिने नीति लिईनेछ ।

२. बालबालिकाहरुलाई व्यवहारिक र संस्कारिक बनाउन जीवन उपयोगी शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

३. बालबालिकाहरुलाई विधालय तथा उच्च शिक्षाको अवसरबाट बञ्चित हुन नदिन नगर प्रमुख छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिनेछ ।

४. सबै विद्यालयहरुमा विधार्थीहरुलाई मापदण्ड बनाई दिवा खाजा खुवाउने कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ ।

५. साकारात्मक चिन्तन र अनुशासनको विकास गर्न विधालयहरुमा हाजिरी जवाफ प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, व्यायाम तथा खेलकूद कार्यक्रमहरु संचालन गरिनेछ ।

६. विद्यालयहरुमा शौचालय निर्माण र स्तरोन्नति, निशुल्क सेनेटरी प्याडको सुबिधा तथा शुद्ध खानेपानीको थप व्यवस्थापन गरिनेछ ।

७. सामुदायिक सिकाई केन्द्र (Community Learning Center) मार्फत अनौपचारिक शिक्षा र सीप बिकास प्रबर्धन गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिइनेछ ।

८. विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शिक्षकहरुलाई प्रविधिमैत्री सीप बिकास, शिक्षण कला, क्षमता विकास र असल अभ्यास शिक्षण सिकाई आदान प्रदानका कार्यक्रमहरु संचालन गरिनेछ ।

९. गुणस्तरीय र जीवनोपयोगी शिक्षाको सुनिश्चितता गर्न कम्प्युटर ल्याब, प्रयोगशाला र पुस्तकालयको थप सुधार गरिनेछ ।

१०. विद्यार्थी उपलब्धि परीक्षणको आधारमा विद्यालय, विद्यार्थी र शिक्षकलाई पुरस्कृत गरिनेछ ।

११. प्राविधिक तथा व्यावसायिक शिक्षालय स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।

१२. लोक सेवा आयोग र शिक्षा सेवा आयोगको तयारी कक्षालाई निरन्तरता दिईनेछ ।

१३. अपाङ्गता भएका बालबालिकाहरुलाई शिक्षामा सहज पहुँच पर्याउन विशेष कार्यक्रम संचालन गरिनेछ ।

१४. स्नातक तहको अध्ययन अध्यापनको आधार तयार गरि कक्षा सञ्चालन गरिनेछ ।

१५. विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई सहजताको लागि बेन्च/डेस्क, पंखा, खेल सामग्री लगायत अन्य आवश्यक शैक्षिक समाग्रीहरु उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

१६. शैक्षिक गुणस्तर कायम गर्न नगरपालिकाद्वारा नियुक्त करार शिक्षकहरुको व्यवस्थापन कार्यलाई निरन्तरता दिदै थप प्रभावकारी बनाईनेछ ।

१७. सक्षम प्राथमिक विद्यालयलाई आधारभूत तथा आधारभूत विद्यालयलाई माध्यमिक विद्यालयमा स्तरोन्नति गरिदै लगिनेछ ।

१८. विद्यालय बाहिर रहेको बालबालिका तथा किशोरीहरुलाई अनौपचारिक शिक्षाको माध्यमबाट विद्यालयमा सहज प्रवेश तथा विद्यालय जान नचाहनेहरुलाई व्यवसायमा प्रोत्साहन गरिनेछ ।

१९. शैक्षिक गुणस्तर सुधार गर्न तथा पठनपाठनलाई सहज, व्यवस्थित तथा विद्यालयहरुको भौत्तिक संरचनाको निर्माण एवम् सुधार गर्न परोहा नगरपालिका, मधेश प्रदेश सरकार र छायाँ नेपालको साझेदारीमा नगरपालिकाभित्र तपसिलका विद्यालयहरुको स्तरोन्नति आगामी आ.व. २०८१/८२ मा सम्पन्न गरिनेछ ।

१. अकवर प्रा.वि. जिंगडवा

२. मा.वि. जिंगडवा

३. उर्दु एकेडमी तेजापाकड

४. श्री भगवान प्रा.वि. तेजापाकड

५. श्री मा.वि. तेजापाकड

६. सामुदायिक प्रा.वि. पोखरिया

७. मिल्लत प्रा.वि. पोखरिया

८. ब्रह्म ज्योती मा.वि. लौकाहा

९. सरस्वती प्रा.वि. बसन्तपट्टी

१०. भेडियाही आधारभूत विद्यालय

११. नमनगरा आधारभूत विद्यालय

१२. जनता प्रा.वि. नरकटिया

१३. शंकर प्रा.वि. नरकटिया

१४. ओम मा.वि. नरकटिया

१५. मा.वि.रामपुरखाप

१६. समिमुल उलुम गर्ल्स मदर्सा रामपुरखाप

## स्वास्थ्य सम्बन्धी नीति

२०. सुत्केरी महिला तथा नवजात शिशुको स्वास्थ्य अवस्था परिक्षण कार्यलाई थप व्यवस्थित गरिनेछ।

२१. दीर्घ तथा नसर्ने रोगबाट घरमै ओछ्यानमा थलिएर रहेका बिरामी व्यक्तीहरुलाई लक्षित गरी वडा वडामा रहेका स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुको परिचालन गरी Palliative Care कार्यक्रम क्रमशः अघि बढाईनेछ।

२२. नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने महिला तथा बालबालिकाहरुमा पोषणको अवस्थामा सुधार गर्न संघसंस्थाहरुको सहकार्यमा विभिन्न कार्यक्रमहरु सञ्चालनमा जोड दिईनेछ।

२३. बद्लिदो जीवन शैलीका कारण बढदै गएको नसर्ने रोगहरुको प्रभाव कम गर्न स्वास्थ्य जीवन कार्यक्रम अन्य निकायहरुसंगको सहकार्यमा संचालन गरिनेछ।

२४. आयुर्वेद उपचार पद्धतिलाई प्रबर्धन गरी जनस्वास्थ्य सेवा अभिवृद्धि गरिनेछ।

२५. नगरपालिका अन्तर्गतको बर्थिङ्ग सेन्टरमा सुत्केरी हुने महिलालाई तत्काल न्यानो झोला उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ।

२६. नेपाल रेडक्रस सोसाईटी ब्लड बैंक गौर र बीरगंजबाट नगरबासीलाई प्रदान गरिदै आएको निःशुल्क रक्त संचार सेवा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२७. महिलाहरुमा बढदो क्रममा रहेको स्तन तथा पाठेघरको क्यान्सर जस्ता घातक रोगहरुको निःशुल्क परीक्षणका लागी विभिन्न निकायहरुसँग समन्वय गरी सेवा प्रदान गरिनेछ।

२८. नगर अस्पतालमा निःशुल्क सञ्चालन हुदै ग्रामिण अल्ट्रासाउण्ड सेवालाई क्रमशः वडास्तरसम्म पुर्याउने व्यवस्था मिलाईनुको साथै नगर अस्पतालमा भेन्टिलेटर र आई.सी.यू. सेवा सहितको स्वास्थ्य पूर्वाधारको स्थापना गरी गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराईनेछ।

२९. गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको उपलब्धताको लागि आवश्यक दक्ष जनशक्ति, औषधी, औजार उपकरणहरूको आपूर्ति गरिनेछ।

३०. स्वास्थ्य सम्बन्धी सूचना, जानकारी र परामर्श प्रदान गर्न **परोहा स्वास्थ्य हेल्प डेस्क**को सञ्चालनलाई निरन्तरता दिईनेछ।

३१. बाल रोग, सुरक्षित गर्भपतन सेवा, परिवार नियोजन, एम्बुलेन्स जस्ता सेवाहरूको सञ्चालन तथा व्यवस्थापनमा विशेष जोड दिईनेछ।

३२. आवश्यक्ताको आधारमा आँखा, नाक, कान लगायत अन्य स्वास्थ्य समस्याहरु सम्बन्धि स्वास्थ्य शिविरहरु सञ्चालन कार्यलाई निरन्तरता दिईनेछ।

३३. गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामै प्रसूती गराउने व्यवस्था मिलाईनेछ।

३४. क्षयरोग नियन्त्रण तथा रोकथामको लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।

## महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सम्बन्धी नीति

३५. बिहेवारी बीस बर्ष पारी भन्ने नारालाई सार्थक बनाउन यस नगरपालिकालाई बालबिवाह मुक्त पालिका घोषणा गर्न **बालविवाह अन्त्यका लागि रणनितिक योजना,** २०८० ले निर्दिष्ट गरे बमोजिम कार्यक्रमहरु संचालन गरिनेछ।

३६. अपाङ्गता भएका व्यक्तीहरुलाई दैनिक जीवन यापनमा सहजता पु-याउनका लागी सहायक समाग्री सहयोग गर्ने कार्वलाई निरन्तरता दिईनेछ।

३७. बिपन्न, दलित, आदिबासी, अपाङ्गता भएका बालबलिकाहरुका लागि बिशेष संरक्षणका कार्यक्रमहरु संचालन गरिनेछ।

३८. ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभब पुस्तान्तरण र हस्तान्तरण गर्न वडास्तरमा ज्येष्ठ नागरिक मिलन केन्द्रको स्थापना गरि कार्यान्वयन गरिनेछ।

३९. गरिब, विपन्न, सिमान्तकृत, बेरोजगार महिलाहरुलाई विभिन्न किसिमका सीपमूलक तालिमहरुको माध्यमबाट दक्ष र आत्मनिर्भर बनाउदै लगिनेछ।

४०. आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका महिला, मुस्लिम, दलित, फरक क्षमता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसङ्ख्यक, सिमान्तकृत समुदायको सामाजिक र आर्थिक उत्थानको लागि सामाजिक संघसंस्था मार्फत आयमूलक र जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

४१. यस नगरपालिकामा स्थायी बसोबास भई आ.व. २०८०/८१ र २०८१/८२ मा ईन्जिनियरिङ्ग तथा मेडिकल तर्फ स्नातक तहमा अध्ययनरत् छात्राहरुलाई प्रोत्साहन स्वरुप एकमुष्ठ रु. २५.हजार उपलव्ध गराईने कार्यलाई निरन्तरता दिएको छु।

४२. नगरपालिका भित्र रहेका शारीरिक अपाङ्गता भएका बालबालिकाहरु प्रति लक्षित गरी घुम्ती स्वास्थ्य शिविर, जटिल प्रकारका शैल्य चिकित्सा सेवा र सहायक उपकरण नाप तथा वितरणका लागी आवश्यक कार्यक्रमहरु संचालन गर्न व्यवस्था मिलाईनेछ ।

४३. अपाङ्गता भएका बालबालिकाहरुको शिक्षामा सहज पहुँचका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

४४. **अपाङ्गता हेल्प डेस्क** सञ्चालनको लागि आवश्यक पहल गरिनेछ ।

### कला, संस्कृति, साहित्य र सम्पदा सम्बन्धी नीति

४५. नगरक्षेत्रभित्र मनाइने पर्व, मेला, पूजा, परम्परागत जीवनशैली एवं अन्य सांस्कृतिक सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गरिदै लगिनेछ ।

४६. नगर क्षेत्रमा रहेका ऐतहासिक, धार्मिक, पुरातात्विक महत्वका मठ, मन्दिर, मस्जिद, मदरसा, पोखरी आदिको अभिलेख राखी संरक्षण र सम्वर्द्धनको व्यवस्था मिलाइनेछ ।

४७. नगरपालिका भित्रका सार्वजनिक र ऐतिहासिक महत्वका वस्ती, टोल, चोक लगायतका स्थानहरुलाई ऐतिहासिक परिचय खुल्ने गरी मौलिक नामकरण गर्ने नीति लिइनेछ ।

४८. नगरपालिकाभित्र संगीत, कला, साहित्य र अन्य मनोरञ्जनका कार्यक्रम संचालनका लागि गर्न सम्बद्ध निकायहरुसँग सहकार्य गर्ने नीति लिईनेछ ।

## (ख) आर्थिक विकास तर्फ

### श्रम तथा रोजगार सम्बन्धी नीति

४९. श्रम तथा रोजगारी सम्बन्धी मौलिक हकलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न रोजगार सेवा केन्द्रको संस्थागत क्षमता अभिवृद्धि गर्दै जनमुखी, उत्तरदायी र जवाफदेही संस्थाको रुपमा विकास गरी रोजगार सेवालाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

५०. स्थानीय श्रम बजारको विश्लेषणको आधारमा स्थानीय श्रमिकको क्षमता र दक्षता अभिवृद्धि गरी आप्रवासी कामदारहरुको प्रतिस्थापन र स्थानीय श्रम बजारमा स्थानीय श्रमिकहरुको रोजगारी सुनिश्चित गर्न रोजगारदाताहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

५१. रोजगारमैत्री लागनी प्रोत्साहन गर्न **स्थानीय रोजगार लगानी सम्मेलन**को आयोजना गरिनेछ ।

५२. बेरोजगार व्यक्तिहरुलाई दक्ष, सीपयुक्त, प्रतिस्पर्धी र व्यवसायिक बनाई रोजगारीमा पदस्थापन गर्न विभिन्न सरोकारवाला निकायहरुसंगको सहकार्यमा **सीप एवम् रोजगार मेला**को आयोजना गरिनेछ ।

५३. नगरपालिकाभित्रका कृषि सडक वा कच्ची सडक वा कूलो/पैनीको निर्माण तथा मर्मत सम्भारको आयोजनाहरु प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत सञ्चालन गरिनेछ ।

५४. नगरपालिकाभित्र रहेका सीपयुक्त र दक्ष जनशक्तिहरुको रोस्टर तयार एवम् अद्यावधिक गरि नगरपालिकाभित्र परिचालन गरिनेछ।

५५. स्थानीय, राष्ट्रिय तथा विश्व श्रम बजारमा खपत हुने सीपको पहिचान तथा वर्गीकरण गरिनेछ।

५६. छोटो अवधिका रोजगारउन्मुख सीप विकास तालिमहरु सञ्चालन गर्न विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुसंग समन्वय र सहकार्य गरिनेछ।

५७. रोजगारदाताको माग बमोजिमको जनशक्ति तयार गर्न कार्यस्थलमा आधारित तालिम सञ्चालन गरिनेछ।

५८. स्थानीय श्रम बजारमा विद्यमान सीप विहिनता र सीपको बेमेलको अवस्थाको अन्त्य गरिनेछ।

५९. नगरपालिकाबाट सञ्चालन हुने योजनाहरुमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई परिचालन गरिनेछ।

६०. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न लागत साझेदारीको नीतिलाई अंगिकार गरिनेछ।

## कृषि तथा पशुपंक्षी सम्बन्धी नीति

६१. कृषि क्षेत्रको उत्पादकत्व बृद्धि गर्न सिंचाई प्रणालीको विस्तारमा जोड दिईनेछ।

६२. कृषि पेसालाई सम्मानजनक, मर्यादित र प्रतिष्ठित बनाई युवाहरुलाई कृषिमा आकर्षित गर्न बागबानी तथा तरकारीहरुको पकेट क्षेत्र विस्तार गरी उत्पादन अभिबृद्धि गर्न जोड दिईनेछ।

६३. कृषिलाई उत्पादनमुखी बनाउन अनुदान, कृषि बिमा, मूल्य श्रृङ्खला, बजारीकरण, प्राविधिक परामर्श सेवा उपलब्ध गराउन व्यवस्था मिलाईनेछ।

६४. बिभिन्न बालीनाली तथा तरकारीका बिउहरु उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाईनेछ।

६५. कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व क्षमता वृद्धि गर्न उपयुक्त कृषि पूर्वाधारहरू सिँचाइ, कृषि हाट बजार, शीत घर, गोदाम घर, सङ्कलन केन्द्र, कृषि प्रयोगशाला (माटोको उर्वराशक्ति परीक्षण) को स्थापना, विकास एवं विस्तार गरिनेछ।

६६. कृषिको आधुनिकीकरण, व्यवसायीकरण र कृषि उपजहरुको बजारीकरणमा योगदान पुर्याउन कृषि तथा नगदेवालीजन्य उद्योग व्यवसायहरुलाई प्राथमिकता दिईनेछ।

६७. उन्नत जातका फलफूल जस्तै आँप, लिची, व्यवसायिक तरकारी खेती, मेवा खेती, मसला बाली, केरा खेती आदि गर्न कृषक, कृषक समूह र कृषि सहकारीहरुलाई प्रोत्साहन गरिनेछ।

६८. समृद्धि परियोजनाको आर्थिक सहयोगमा कृषि तथा पशुपंक्षी क्षेत्रको व्यवसायीकरणका लगि सुविधा सम्पन्न ल्याब सहितको कृषि तथा पशु भवनको निर्माण आगामी आ.व. २०८१/८२ मा सम्पन्न गरिनेछ।

६९. कृषि उत्पादन बढाउन आवश्यक अध्ययन अनुसन्धानमा जोड दिईनेछ।

७०. कृषि सिंचाईका लागि कृषि विद्युतीकरण र स्यालो ट्यूवेल जडान कार्यलाई निरन्तरता दिईनेछ ।

७१. नेपाल सरकार र एसियाली विकास बैंकको संयुक्त लगानीमा नगरपालिका भित्र पाईलट प्रोजेक्टको रुपमा सफल परिक्षण भई कार्यान्वयनमा रहेको स्टेट बोरिंग (डिप ट्यूवेल) जडान कार्यलाई सबै वडामा विस्तार गर्न पहल गरिनेछ ।

७२. कृषि कार्यमा खपत भएका विद्युत महसुलमा सहुलियत दिने नीतिलाई निरन्तरता दिईनेछ ।

## पर्यटन सम्बन्धी नीति

७३. परोहाको प्राकृतिक, धार्मिक, मौलिक, पुरातात्त्विक एवं सांस्कृतिक सम्पदा, मनोरम फाँटहरु र जलसम्पदा पर्यटनको मुख्य आधार क्षेत्र रहेको छ । झोलुङ्गे पुल क्षेत्रलाई नयाँ पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ ।

७४. परोहा नगरपालिकामा रहेका पोखरीहरुको संरक्षण एवं सौन्दर्यीकरणमा जोड दिईनेछ ।

## (ग) पूर्वाधार विकास तर्फ

७५. भूमिहीन, गरिब, विपन्न, असहाय वर्गका घरपरिवारहरुको जीविकोपार्जनमा सहजता प्रदान गर्न तथा भोको पेट रात बिताउन नदिन **जनता खद्यान्न कार्यक्रम** सञ्चालन गरिनेछ ।

७६. नगरबासीहरुलाई सर्वसुलभ रुपमा शुद्ध खानेपानीमा पहुँच अभिवृद्धि गर्न नगरभित्र रहेका खानेपानी आयोजनाहरुलाई एकीकृत रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न **परोहा खानेपानी तथा सरसफाई बोर्डको** गठन गरी कार्यालय व्यवस्थापन गरिनेछ ।

७७. नगरपालिकाको आफ्नै भवन नभएका वडाको वडा कार्यालय भवन र नगरपालिकाको निर्माणाधीन अवस्थाम रहेका भवन निर्माण कार्यलाई सम्पन्न गराईनेछ ।

७८. उज्यालो शहर र सुरक्षित शहरको नारा सहित नगरका विभिन्न स्थानहरुमा हाईमास्ट (Tower) लाईट जडान कार्यलाई निरन्तरता दिइनेछ ।

७९. सडकमा परेका बिधुतका पोलहरुलाई व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिईनेछ । साथै नयाँ सडक निर्माण गर्दा सडकमा परेका विधुत पोलहरु हटाउने र अपुग भएमा पोलतारहरु थप गरी बिधुत सेवा विस्तार कार्यलाई निरन्तरता दिइनेछ ।

८०. शैक्षिक पूर्वाधार, स्वास्थ्य पूर्वाधार, विद्युत्, खानेपानी, फोहोरमैला व्यवस्थापन जस्ता न्यूनतम स्थानीय पूर्वाधारहरूको निर्माण एवं विस्तारमा जोड दिईनेछ ।

८१. यस नगरपालिकाभित्र सडकको पहुँच नपुगेको स्थानहरुमा नयाँ सडकको निर्माण गरिनेछ ।

८२. सडक बोर्ड नेपालको लागत साझेदारीमा सडक मर्मत सम्भार कार्यलाई निरन्तरता दिईनेछ ।

८३. अव्यवस्थित बसोबासलाई व्यवस्थित बनाउन आवश्यक नीति अवलम्बन गरिनेछ ।

८४. नगरको विकासमा थप गति दिन आवश्यक पर्ने मेसिनरी उपकरण आवश्यकता अनुरुप खरिद गरिनेछ ।

८५. पूर्वाधार निर्माण कार्यको गुणस्तर कायम गर्न प्राविधिक तथा सिभिल ल्याब स्थापनाको लागि सरोकारवाला निकायसंग समन्वय र सहकार्य गरिनेछ ।

८६. जिल्ला प्रशासन कार्यालयले तयार पारेको जिल्ला दररेटलाई नै यस नगरपालिकामा लागु गर्ने गरी स्थानीय दररेटको मान्यता दिईनेछ । साथै आवश्यक परेको खण्डमा स्थानीय दररेट कायम गर्ने नीति लिईनेछ ।

८७. मापदण्ड अनुसारको स्वच्छ खानेपानी तथा पूर्ण सरसफाईमा जोड दिइनेछ ।

८८. आवासहीन घरपरिवारहरुलाई तीनै तहको सरकारको लगानीमा आवास निर्माण गरिनेछ ।

८९. विद्युत चुहावट नियन्त्रण एवं जोखिमबाट जोगाउन अति विपन्न परिवारहरुलाई निःशुल्क विद्युत मिटर वितरणलाई निरन्तरता दिईनेछ ।

### (घ) वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ

९०. घरेलु फोहरलाई श्रोतमा नै वर्गीकरण गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालनको व्यवस्था मिलाईनेछ । कुहिने फोहरलाई घरमै मल बनाउन प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।

९१. नगरको फोहरमैला (Municipal Solid Waste) को दिगो रुपमा व्यवस्थापन गर्ने नीति लिईनेछ । यसका लागि आवश्यक अध्ययन, अनुसन्धान, नीति, जग्गाको प्राप्ति, स्थापना, विकास र सञ्चालन गर्ने नीति अंगिकार गरिनेछ ।

९२. सार्वजनिक जग्गा, नदी किनार, सडक किनार, सरकारी कार्यालय परिसरमा वृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

९३. नगरपालिका क्षेत्रमा रहेका सार्वजनिक जग्गाहरुको लगत तयार गरिनेछ । सार्वजनिक जग्गाहरुको अतिक्रमण हटाई पार्क निर्माण गरिनेछ ।

९४. विभिन्न गैर सरकारी संघसंस्था एवं विकास साझेदार संस्थाको सहयोग र सहकार्यमा नगर आपतकालीन संचालन केन्द्र (Municipal Emergency Operation Center) को स्थापन गरिनेछ ।

९५. नगरपालिकाको विपद जोखिम नक्सांकन (Hazard Mapping) कार्यलाई अद्यावधिक गरिदै लगिनेछ ।

९६. विपद् प्रभावित क्षेत्र, व्यक्ति वा परिवारलाई आवश्यक राहत तथा क्षतिपुर्ति वितरण कार्यलाई निरन्तरता दिएको छु ।

९७. विपद् व्यवस्थापन रोकथामका लागि विशेष जोड दिईनेछ ।

९८. जलाधार क्षेत्रको संरक्षणमा जोड दिइनेछ ।

९९. वातावरण प्रदुषणलाई नियन्त्रण गर्न सम्बन्धित पक्षहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

१००. जलवायु नियन्त्रणमा सहयोग पुग्ने उद्देश्यले नगर भित्रका प्रत्येक घरधुरीमा **एक घर, एक विरुवा**को नीतिलाई निरन्तरत दिएको छु ।

१०१. "हरित नगर, स्वच्छ नगर" को रुपमा विकसित गर्न ईको पार्क निर्माण कार्यका लागी विशेष पहल गरिनेछ ।

१०२. ढलनिकास र Land Field साईटको लागि आवश्यक जग्गा व्यवस्थापनमा जोड दिईनेछ ।

१०३. नगरपालिकाभित्रका प्रत्येक घरपरिवारहरुलाई आगामी आ.व. २०८१/८२ को कार्तिक मसान्तभित्र ग्यास चुल्हो वितरण गरी धुवाँमुक्त परोहा नगरपालिका घोषणा गरिनेछ ।

१०४. आगलागीबाट जनताको जीउधनको रक्षा गर्न मधेश प्रदेश सरकार र परोहा नगरपालिकाको साझेदारीमा आगामी आ.व. २०८१/८२ मा वारुण यन्त्रको व्यवस्थापन गरिनेछ ।

### (ङ) संस्थागत सेवा तथा सुशासन तर्फ

१०५. नगरपालिकाकाको सेवा प्रवाहलाई चुस्त दुरुस्त, पारदर्शी, जनमैत्री र सुशासनयुक्त बनाउन आवश्यक कानूनी प्रवन्ध गरी कार्यान्वयन गरिनेछ ।

१०६. नगरपालिकाको संगठन संरचना र स्वीकृत दरवन्दी अनुसार कर्मचारीहरुको आपूर्ति गरिनेछ ।

१०७. नगरपालिका स्थापना दिवसका अवसरमा कार्य सम्पादनमा अब्बल एवं उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई सम्मान तथा पुरस्कार प्रदान गरिनेछ ।

१०८. आगामी आ.व.मा परोहा नगरपालिकाको प्रथम आवधिक योजना (२०८१-२०८५) तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

१०९. संविधान तथा कानुन बमोजिम स्थानीय तहलाई प्राप्त अधिकार कार्यान्वयन गर्न नयाँ कानुनी प्रबन्धहरुको तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

११०. नगरपालिकाको नीति योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक ऐन, कानुन, कार्यविधि, निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।

१११. नगरपालिकाले संविधान तथा कानुन बमोजिम असुल गर्नुपर्ने राजस्व (कर तथा गैरकर) प्रशासनलाई न्यायोचित, पारदर्शी र बैज्ञानिक बनाउन राजस्व व्यवस्थापन सूचना प्रणाली अवलम्वन गरिनेछ ।

११२. करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउन समग्र राजस्व प्रणालीलाई करदातामैत्री बनाइनेछ ।

११३. कर तथा गैरकर स्थानीय राजस्वको अनुगमन गर्न बिशेष टोली गठन गरी परिचालन गरिनेछ ।

११४. आर्थिक ऐन अनुसार उपलब्ध गराउंदै आएको कर छुटलाई पुनरावलोकन गरिनेछ ।

११५. सबै वडाहरुमा मेलमिलाप केन्द्रहरु स्थापना गरी विवाद निरुपण कार्यलाई थप प्रभाबकारी बनाइनेछ।

११६. सूचना प्रविधिको प्रयोगबाट न्याय सम्पादनको कार्यलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ।

११७. नगरपालिकाद्वारा जारी गरिएका स्थानीय कानुनहरुको आबश्यकता अनुसार संसोधन, परिमार्जन तथा एकीकरण गरिनेछ।

११८. बचत तथा ऋणको कारोबार गर्ने सहकारीको जोखिम व्यवस्थापनका लागि अनुगमन संयन्त्र गठन गरी परिचालन गरिनेछ।

११९. सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गरी सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन सहकारी संस्थाहरुलाई एकीकरण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

१२०. नगरहरु बीच आपसी सम्बन्ध सुमधुर बनाउन, असल अभ्यास तथा सफल अनुभब आदान प्रदान गर्न स्वदेशी तथा विदेशी नगरहरुसंग भगिनी सम्बन्ध कायम गरिनेछ।

१२१. स्थानीय सेवा प्रवाहलाई चुस्त दुरुस्त, प्रभावकारी, मितव्ययी तथा पारदर्शी बनाउन विद्युतीय प्रणालीको विकास, विस्तार गरिनेछ।

१२२. स्थानीय सरकार, नागरिक र व्यवसायीहरू बीच सूचना तथा सेवाहरूमा सहज पहुँच कायम गरिनेछ।

१२३. स्थानीय सरकार र सेवाग्राही बिच कुशल सम्बन्ध स्थापित गर्न अनलाईन प्रविधिको विकास गरि प्रक्रियागत झन्झटको अन्त्य गरिनेछ।

१२४. नगर कार्यपालिका कार्यालयको आवश्यक डाटाहरुलाई ब्याक अप राख्न File Server को स्थापना गरिनेछ।

१२५. नगरपालिकाका सम्पूर्ण सूचनाहरुमा जनताको सहज पहुँच पुर्याउन वेभसाईट, मोबाईल एप्प एवं अन्य उपकरणहरुलाई समयानुकुल अध्यावधिक गरिदै आएको कार्यलाई निरन्तरता दिइनेछ।

१२६. Internet क्षमता प्रणालीमा थप सुधार एवं विस्तार गरिनेछ।

१२७. लिजा, फ्रा, मध्यकालीन खर्च संरचनालाई आत्मसाथ गर्दै कार्यान्वयन गरिनेछ।

१२८. सेवा प्रवाहलाई प्रभावकारी, मितव्ययी र जनमैत्री बनाउन सेवा प्रवाहको मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ।

१२९. आन्तरिक श्रोतको दायरालाई फराकिलो बनाउँदै विकासका कार्यलाई गति प्रदान गर्न प्रचलित कानुनको अधिनमा रही नगरसभाबाट स्विकृत कर, शुल्क, दस्तुर तथा जरिवाना असुल गर्ने कार्यलाई व्यवस्थित गरिनेछ।

१३०. नगरको शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्न नगर प्रहरीको व्यवस्थापन एवं परिचालन गरिनेछ।

# बजेट वक्तव्य

उप प्रमुख ज्यू,

नगरसभा सदस्यज्यूहरु,

परोहा नगरपालिकाको सम्मानित गरिमामय आठौं नगरसभाका सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, कर्मचारीहरु, शिक्षक तथा शिक्षिकाहरु, संचारकर्मी एवं पत्रकार ज्यूहरु, सुरक्षाकर्मी ज्यूहरु यस आठौं नगरसभामा उपस्थित हुनु भएकोमा हार्दिक आभार व्यक्त गर्दछु । बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मासाथ गरि विविधता बिचको एकता, सामाजिक, सांस्कृतिक एक्यवद्धता र सदभावलाई संरक्षण एवं प्रर्वधन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुत अन्त्य गरी आर्थिक समानता, समृद्ध र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्वान्तको आधारमा समानतामूलक समाजको निर्माण गर्न राष्ट्रिय संकल्पलाई आत्मासाथ गर्दै संघीय सरकार र प्रदेश सरकारसँग समन्वय, सहकार्य र सहअस्तित्वको भावना अनुरुप कार्यगत एकता गर्दै यस नगरपालिकाको समृद्धि, आत्मनिर्भरता र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्न हाम्रो लक्ष्य रहेको छ ।

उप प्रमुख ज्यू,

नगरसभा सदस्यज्यूहरु,

आज हामी यस सम्मानित गरिमामय सभामा परोहा नगरपालिकाको भविष्य निर्माणको निमित्त उपस्थित भएका छौं । जनभावना र जनआकांक्षा अनुसार बजेट कार्यान्वयन तथा सेवा प्रवाह गर्न विभिन्न कठिनाई हुने भए तापनि बजेट पारित गरि समयमा नै जनभावना अनुसार कार्य गर्न हामी प्रतिबद्ध छौं । आ.व. २०८१/८२ को लागि तयार गरिएको वार्षिक बजेटले नगरपालिकाको विविध पक्षहरुलाई समेट्ने अपेक्षा लिईएको छु । यस परोहा नगरपालिकाको आर्थिक, सामाजिक विकासका लागि आवश्यक श्रोत परिचालन गर्न स्थानीय राजश्व परामर्श समितिबाट सम्भाव्यता अध्ययन गरी राजश्व अनुमान र संघीय सरकार, प्रदेश सरकार, आन्तरिक आय र अन्य निकायबाट प्राप्त हुने आय समेतलाई मध्य नजर गर्दै तयार गरिएको आ. व. २०८१/२०८२ को बजेट प्रस्तुत गर्न गईरहेको छु ।

## आ. व. २०८१/८२ आय तर्फ

आ.व. २०८१/८२ मा यस नगरपालिकाको लागि संघीय सरकार, प्रदेश सरकार र आन्तिक आयबाट प्राप्त हुने वित्तीय समानीकरण, राजस्व बाँडफाँड अनुदान तथा आन्तरिक आय देहाय बमोजिम रहेको छ ।

| १ | वित्तीय हस्तान्तरणबाट प्राप्त आय |
|---|---|
| १.१ | नेपाल सरकारबाट प्राप्त हुने अनुमानित अनुदानः |

| | | | |
|---|---|---|---|
| १.१.१ | संघीय वित्तीय समानीकरण अनुदान | रु.११४१००००.०० | ११ करोड ४१ लाख |
| १.१.२ | संघीय सशर्त अनुदान पूँजीगत | रु.३००००००.०० | ३ करोड |
| १.१.३ | संघीय समपूरक अनुदान | ० | |
| १.१.४ | संघीय विशेष अनुदान | रु.२५५००००००.०० | २ करोड ५५ लाख |
| १.१.५ | संघीय राजस्व बाँडफाँड | रु.९९२००००१.०० | ९ करोड ९२ लाख १ रुपैया |
| १.१.६ | सशर्त अनुदान चालु | रु.१८०७११०००.०० | १८ करोड ७ लाख ११ हजार |
| २ | प्रदेश सरकारबाट प्राप्त हुने अनुमानित अनुदानः | | |
| २.१ | समानीकरण अनुदान | रु.८१०८०००.०० | ८१ लाख ८ हजार |
| २.२ | सशर्त अनुदान पूजीगत | रु.९५०००००.०० | ९५ लाख |
| २.३ | विशेष अनुदान चालु | रु.३००००००.०० | ३० लाख |
| २.४ | सम्पूरक अनुदान पूजीगत | रु.२००००००.०० | २० लाख |
| ३ | आन्तरिक आय अनुमानित | रु.१५००००००.०० | १ करोड ५० लाख |
| | कुल जम्मा बजेट रकम रु. | रु.४८४४१९००१.०० | ४८ करोड ४४ लाख १९ हजार १ रुपैया |

## आ. व. २०८१/८२ व्यय तर्फ

| सि.नं. | व्यय शीर्षक | अनुमानित व्यय | |
|---|---|---|---|
| १ | अनुमानित व्यय शीर्षक | रकम रु. | |
| | आर्थिक विकास | १५२००००००.०० | एक करोड बाउन्न लाख |
| | सामाजिक विकास | २००००००००.०० | दुई करोड |
| | यातायात तथा पूर्वाधार विकास | ७००००००००.०० | सात करोड |
| | सुशासन तथा अन्तर सम्बन्धीत क्षेत्र | १२००००.०० | एक लाख बिस हजार |
| | कार्यालय संचालन तथा प्रशासनिक | २५९९४९००१.०० | पचिस करोड उनान्सय लाख उनन्पचास हजार एक रुपैया |
| | स्वास्थ्य | १८००००००.०० | एक करोड असी लाख |
| २ | सामाजिक सुरक्षा तथा संरक्षण | १००००००.०० | दश लाख |
| | खानेपानी तथा सरसफाई | २००००००.०० | बिस लाख |

| | | | |
|---|---|---|---|
| | युवा तथा खेलकूद | २००००००.०० | बिस लाख |
| | भवन अवास तथा सहरी विकास | २००००००.०० | बिस लाख |
| | तथ्याङ्क प्रणाली | १५००००.०० | एक लाख पचास हजार |
| | ऊर्जा तथा ग्यास चुल्हा | २५५००००००.०० | दुई करोड पचपन्न लाख |
| ३ | भूमी व्यवस्थापन | १५००००००.०० | एक करोड पचास लाख |
| ४ | पशु पंक्षी विकास | ५०००००.०० | पाँच लाख |
| ५ | वन तथा वातावरण | १५०००००.०० | पन्ध्र लाख |
| ६ | जलस्रोत तथा सिंचाई | ५५०००००.०० | पचपन्न लाख |
| ७ | उधोग | ५०००००.०० | पाँच लाख |
| ८ | शिक्षा | ४५००००००.०० | चार करोड पचास लाख |
| ९ | भाषा तथा संस्कृति | ५०००००.०० | पाँच लाख |
| | जम्मा | रु.४८४४१९००१.०० | ४८ करोड ४४ लाख १९ हजार १ रुपैया |

अगामी आ.व.२०८१/८२ को अनुमानित कुल आय रकम रु. ४८ करोड ४४ लाख १९ हजार एक रुपैयालाई तपसिल अनुसार क्षेत्रगत रुपमा विनियोजन गरिएको जानकारी गराउन चाहन्छु ।

- चालु खर्च तर्फ रु. ३२ करोड ८५ लाख १९ हजार एक अर्थात विनियोजनको ६७ दशमलव ८१ प्रतिशत, र
- पुंजीगत विकास निर्माण तर्फ रु.१५ करोड ८६ लाख अर्थात विनियोजनको ३२ दशमलव १९ प्रतिशत खर्च हुने संशोधित अनुमान रहेको छ ।

उप प्रमुख ज्यू,

नगरसभा सदस्य ज्यूहरु,

परोहा नगरपालिकाले अगामी आर्थिक बर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रमले परिलक्षित गरेका सोंच, नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्नमा प्रतिबद्ध रहेको छ ।

धन्यवाद!!